गाउँसभाको उन्नाइसौ ( १९)  अधिवेशनको बैठकमा

अध्यक्ष श्री ई.दिपेन्द्र सुनारी ज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

बुलिङटार  गाउँपालिका

गण्डकी प्रदेश, नेपाल

सम्वत् २०८३ असार १० गते, बुधबार

नेपाल सम्वत् ११४६

## आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

यस सम्मानित गाउँसभाका उपाध्यक्षज्यू,

सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,

## " बस्न योरय ,हेर्नलायक समृद्ध बुलिङटार "

नेपालको संविधान, २०७२ ले निर्दिष्ट गरे अनुरुप तीन तहका सरकारमध्ये जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको बुलिङटार गाउँपालिकाले प्रत्येक वर्ष नीति तथा कार्यक्रम मार्फत जनताको समस्या पहिचान गरी सार्वजनिक सेवा प्रवाह, स्थानीय विकास निर्माण र सुशासनलाई मूल आधार बनाई आज हामी पन्ध्रौं गाउँसभाको सन्दर्भमा नीति तथा कार्यकम लिएर यहाँहरु समक्ष प्रस्तुत भएका छौं।

सर्वप्रथम राष्ट्रका विभिन्न आन्दोलनमा राष्ट्रिय स्वतन्त्रता, लोकतन्त्र, गणतन्त्र, संघीयता प्राप्ति एवं राजनीतिक, सामाजिक परिवर्तनका लागि बलिदान गर्ने अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । उपलब्ध सीमित स्रोत साधन र नागरिकहरुका असीमित आवश्यकता र चुनौतीहरुलाई आत्मसाथ गर्दै गाउँपालिकाको समस्याहरु पहिचान र निराकरण गरी सम्भावनाहरुको उजागर गर्न विगतका वर्षहरुदेखि हालसम्म निरन्तर प्रयास गरिरहेको कुरा स्मरणार्थ निवेदन गर्न चाहन्छु। गरिबी, वेरोजगारी, पछौटेपन, चेतनाको स्तरमा कमी, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत अन्य बिकासका पूर्वाधार लगायतका समस्यासँग हामी जुधिरहेका छौं। नागरिकका आवश्यकता परिपूर्ति, शासन, विकास र सेवा प्रबाह गर्दै उपलब्ध स्रोत साधनको व्यवस्थापन गरी शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पूर्वाधार, सूचना प्रविधि, धार्मिक पर्यटन, पोषणका कार्यक्रमहरु यसै नीति तथा कार्यक्रम मार्फत् बजेटमा समावेश गरिनेछ । निश्चय नै यस्ता कार्यक्रमहरुले नागरिकका आवश्यकतालाई सम्वोधन गरी सुखी र आत्मनिर्भर बुलिङटार को लक्ष्य पुरा हुने अपेक्षा गरेको छु।

**श्रदेय गाउँ सभाका सदस्यज्यूहरु,**

गणतन्त्रात्मक व्यवस्था कार्यान्वयनसँगै बुलिङटार गाउँपालिकाको दोस्रो कार्यकालको जनप्रतिनिधिहरुद्वारा तयार गरिएको पाँचौ वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्व लागेको छ । बुलिङटार गाउँपालिकाको विकास र समृद्धिको लागि हामीले गाउँवासी साम् गरेको प्रतिवद्धताप्रति विश्वास गरी गाउँको नेतृत्वदायी जिम्मेवारी प्रदान गरेकोमा म सम्पूर्ण गाउँबासीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत घारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८३/८४ को बुलिङटार गाउँपालिकाको नीति तथा कार्यक्रम आज यस गरिमामय पन्ध्रौ गाउँसभा समक्ष पेश गरेको छु । आगामी आर्थिक वर्षको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा वस्तुगत धरातल र स्रोत साधनको सन्तुलन हुनेगरी तर्जुमा गरिएको छ ।

**सभाका सदस्यज्यूहरू;**

चालू आर्थिक वर्ष २०८२/८३ को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छौ। चालू आ.व.का लागि पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको हालसम्मको अवस्था समीक्षा गर्दा समष्टिगत योजना र कार्यक्रमहरुको उपलब्धी सन्तोषजनक रहेको छ ।

गाउँपालिकाका गाउँस्तरीय र वडास्तरीय पूर्वाधारका अधिकांश योजनाहरु सम्पन्न हुने अवस्थामा पुगेका छन । बहवर्षीय पूर्वाधार आयोजनाहरु कार्यान्वयनको चरणमा छन् । आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, विपद तथा वातावरण व्यवस्थापन र सुशासन तथा संस्थागत विकासतर्फका समग्र विषयगत कार्यकमहरु कार्यान्वयन गरिएका छन् ।

सभाका सदस्यज्यूहरु

“बस्न योग्य  हेर्न लायक समृद्ध बुलिङटार” नारा हासिल गर्न र गाउँपालिकाको सम्भावना एवं परिकल्पनालाई उच्च प्राथमिकता दिने गरी नीति तथा कार्यकम तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरु-

नीति तथा कार्यक्रम तर्जुमा गर्दा **नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार र प्रदेश सरकार**ले गरेका नीतिगत व्यवस्था, नेपालले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिवद्धताहरु, दिगो विकासको लक्ष्य, सोह्रौं आवधिक योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना, गाउँपालिकाको आवधिक योजना, स्थानीय क्षमता विकास योजना, स्थानीय राजश्व सुधार कार्ययोजना लगायतका संघीय र प्रदेश सरकारका नीतिहरु आधारको रुपमा रहेका छन् ।

गाउँपालिकाको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकमलाई यथार्थ विश्लेषण गरी समय सापेक्ष ढङ्गले नीति तथा कार्यक्रम तय गरिएको छ । यस पटक देखि घाटा बजेट राखी योजना तर्जुमा गर्ने पद्धतिलाई निरुत्साहन गरिएको छ।

स्थानीय विकास निर्माणमा स्रोत साधनको अधिकतम प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, अनुशासित, भ्रष्टाचार मुक्त र सुशासन युक्त बनाई स्थानीय सरकारको सेवाबाट सेवाग्राहीले हेर्ने, देखे र महसुस गर्ने गरी नीति कार्यक्रम तर्जुमा गरिएको छ।

आव २०८३/८४ का लागि बुलिङटार गाँउपालिकाको समग्र विकास नीतिहरु यस प्रकार रहेका छन् ।

## शिक्षाः

१. गाउँपालिकाबाट उच्च शिक्षा प्राविधिक विषयमा स्नातक, स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई पालिकामार्फत प्राविधिक छात्रवृत्ति प्रदान गरिनेछ ।

२. गाउँपालिकाको स्वीकृत स्थानीय पाठ्यक्रममा स्थानीय मगर भाषा समेत समावेश गरी कक्षा १-३ को स्थानीय पाठ्यपुस्तक निर्माण गरी यस आ.व.मा कक्षा १ मा पठनपाठन शुरु गरिनेछ र क्रमशः अन्य कक्षाहरुमा आउने आ.व.मा थप विस्तार गर्दै लगिनेछ ।

३. **'शिक्षक सक्षम भए, शिक्षा सवल हुन्छ'** अभिप्रायका साथ शिक्षकहरुको पेशागत क्षमता विकास प्रविधिमैत्री शिक्षण र विषयगत दक्षतामा अभिवृद्धि ल्याई पालिकामा कार्यरत शिक्षकहरुलाई सहुलियत अनुदान दिने गरी ल्यापटप वितरणको कार्यक्रम थालनी गरिनेछ ।

४. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न आधारभूत तह कक्षा ८ र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी अतिरिक्त कक्षा सञ्चालन पालिकामार्फत थप सुधारका साथ सञ्चालन गरिनेछ ।

५. उत्कृष्ट कार्य सम्पादनको आधारमा विषयगत शिक्षक, कक्षा ५,८,१० र १२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई गरिँदै आएको पुरस्कार एवम् सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. विद्यार्थी संख्या र भुगोलको आधारमा विद्यालयहरुलाई नक्साङ्कन गरिनेछ ।आ.व. २०८२/८३ मा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि तह मिलान र मर्ज गरिएका विद्यालयहरुको गुणस्तर र प्रभावकारिताका लागि अंग्रेजी र नेपाली माध्यममा सेक्सन विस्तार, इसिडि कक्षाहरुलाई थप वालमैत्री बनाईनेछ ।

७. विद्यार्थीको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्ने खालका विभिन्न दिवसहरुमा अतिरिक्त क्रियाकलाप अन्तर्गत प्रतिभा पहिचानका कार्यक्रमहरु सञ्चालन गरिनेछ । राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितालाई व्यवस्थित गराउनका साथै विद्यार्थी लक्षित थप खेलकूदका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै विद्यार्थीहरुको विविध खेल प्रतिभालाई प्रोत्साहन गर्ने गरी तहगत रुपमा विद्यालयहरुलाई मागमा आधारित खेलकुदका सामग्रीहरु वितरण गरिनेछ ।

८. प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा सामुदायिक सिकाई केन्द्रको परिचालिकाहरुलाई थप तलबको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

९. विद्यालयहरुको आवश्यकताको आधारमा कक्षाकोठा निर्माण, मर्मत सम्भार, फर्निचर व्यवस्थापन, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि जस्ता कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१०. अति विपन्न, जेहेन्दार, अशक्त परिवार तथा फरक क्षमता भएका बालबालिकाहरुलाई सिकाईमा सहजीकरण गर्न पालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. **उपाध्यक्षसँग किशोरी** कार्यक्रम अन्तर्गत महिनावारीको समयमा छात्राहरुलाई विद्यालयमा सहजता प्रदान गर्न किशोरीहरुले प्रयोग गरेको सेनेटरी प्याडलाई विसर्जन गर्न प्रत्येक माध्यमिक विद्यालयहरुमा Disposal Machine को व्यवस्था गरिनेछ।

१२. बालबालिकाको पढाईमा अभिभावकको चासो र जिम्मेवारी वृद्धि गर्न, अभिभावकको भूमिका बढाउन टोलटोलमा तहगत रुपमा नियमित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. विद्यार्थीको स्वास्थ्य र पोषण अवस्थामा सुधारका लागि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विद्यालयमा नै वर्षमा कम्तीमा दुईपटक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था शुरुवात गरिनेछ। साथै दिवा खाजा कार्यक्रममा किसानकै स्थानीय उत्पादन प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

१४. **'हरेक विद्यालय स्मार्ट हरेक विद्यार्थी सक्षम'** माध्यमिक र आधारभूत विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन स्मार्ट बोर्ड तथा डिजिटल सिकाई सामग्रीको व्यवस्था गरिंदै लगिनेछ ।

१५. पूर्व प्राथमिक उमेर समूहका सबै बालबालिकाहरुको प्रारम्भिक वाल शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न वालविकास केन्द्रको कक्षा व्यवस्थापनमा सुधार गर्दै बालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१६. विद्यालयको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्ने गरी पालिका भित्रका सम्पूर्ण प्र.अ., वि.व्य.स. अध्यक्ष लगायत शिक्षा समितिका पदाधिकारीहरुलाई शैक्षिक उतरप्रेरणामूलक कार्यक्रम तथा देशका उत्कृष्ट नमुना विद्यालयहरुको अध्ययन अवोलकन भ्रमण गरिनेछ । साथै सामुदायिक विद्यालयहरुमा कार्यरत प्र.अ. हरुको मनोबल उच्च राख्न नेपाल सरकारले उपलब्ध गराउँदै आएको प्र.अ. भत्तामा विगतको आ.व.मा पालिकाबाट थप दिईएको प्र.अ. भत्तालाई निरन्तरता दिईनेछ ।

१७. आधारभूत तह उत्तीर्ण परीक्षा लगायत अन्य कक्षाका वार्षिक परीक्षालाई व्यवस्थित गर्ने गरी परीक्षाको प्रश्नपत्र निर्माण देखि परीक्षण सम्मको कार्य गाउँपालिका स्तरीय बनाई परीक्षालाई थप व्यवस्थित गरिनेछ ।

१८. दशवर्षे पालिकाको आवधिक शैक्षिक योजना निर्माण गरी वर्तमान शैक्षिक अवस्थाको योजनाबद्ध सुधारका प्रयासहरु अगाडि बढाईनेछ । शैक्षिक क्यालेण्डर निर्माण गरी शैक्षिक गतिविधिहरुको कार्यान्वयनमा थप प्रभावकारिता ल्याइनेछ ।

१९. अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा तथा जीवनोपयोगी शिक्षाको विस्तार गरिनेछ । यसका लागि पालिकाको सामुदायिक सिकाई केन्द्रलाई थप क्रियाशील बनाईनेछ ।

२०. पालिकाभित्र विद्यालय जानबाट वञ्चित ४-१३ वर्ष उमेर समूहका बालबालिकाहरुको अवस्था पहिचान गरी कक्षा ८ उत्तीर्ण नभएका त्यस्ता बालबालिकाहरुका लागि अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गरिनेछ।

२१. विद्यालयबाटै विद्यार्थीहरुमा अनुसन्धान र सिर्जनशीलताको विकास गराउन विज्ञान प्रदर्शनी, विषयगत शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी, नवप्रवर्तन मेला लगायत परियोजनामा आधारित सिकाई कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२. विद्यालयमा विद्यार्थी र शिक्षकहरुका लागि योग ध्यान र मेडिटेसन सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

२३. **"पढ्ने बानी सिर्जनशील ज्ञानको खानी"** विद्यालय तथा समुदाय स्तरमा पुस्तकालय सुदृढीकरण तथा पठन संस्कृतिको विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४. गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुको शैक्षिक गुणस्तर बढोत्तरी गर्न नियमित अनुगमन, सुपरीवेक्षणको प्रबन्ध गर्दै विज्ञ मार्फत् शिक्षकहरुलाई पेशागत सहायता समेत उपलब्ध गराईनेछ ।

२५. प्राविधिक शिक्षा सञ्चालित विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि **एक वडा दुई विद्यार्थी छात्रवृत्ति** कार्यक्रमलाई निरन्तरता दिईनेछ र बाँकी सबै वडाहरुमा सम्भाव्यता अध्ययन गरी प्राविधिक शिक्षालाई थप विस्तार गर्रिंदै लगिनेछ ।

## स्वास्थ्य

१. जेष्ठ नागरिक, अपांग, असहाय, दीर्घरोगीहरूलाई प्रत्येक चार महिनामा एक पटक घर÷टोलमै गई रक्तचाप र मधुमेहको निःशुल्क नसर्ने रोग सम्बन्धि परिक्षण लगायत स्वास्थ्य सेवा दिनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।
२. आवश्यकताको आधारमा ७० वर्ष भन्दा माथिका नागरिक, असक्त, अपाङगहरुको लागि घर दैलो स्वास्थ्य सेवा प्रदान गर्ने ब्यवस्था गरिने छ ।
३. खोप र गाउँघर क्लिनिक केन्द्र मार्फत गाउँपालिका भित्रका मानिसहरुको हरेक महिना स्वास्थ्य परिक्षण, बच्चाको तौल वृद्दि अनुगमन साथै औषधिउपचार गरिने व्यवस्था मिलाइनेछ ।

४. बिशेषज्ञ चिकित्सक मार्फत विभिन्न प्रकारका रोगहरुको स्वास्थ्य शिविर सेवा प्रवाहका लागि आवश्यक रकमको व्यवस्था मिलाईने छ ।

५. स्त्रीरोग, छाला रोग, मधुमेह, रक्तचाप, अपाङगता जस्ता समस्याबाट पिडीत ब्यक्तिहरुको सुविधाको लागि निःशुल्क औषधी र बिशेषज्ञ सहितको घुम्ती स्वास्थ्य शिविर, आयुर्वेद स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिने छ ।

६. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । गाउँपालिका भित्रका विपन्न, सिमान्तकृत समुदायका व्यक्तिहरु साथैै ज्येष्ठ नागरिक, अपाङ्ग तथा असक्तहरुको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम संचालनका लागि आवश्यक वजेट ब्यवस्था गरेको छु ।

७. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि बुलिङटार आधारभुत अस्पतालबाट दिदै आएको विमा कार्यक्रमलाई प्रभावकारी बनाउने आवश्यक ब्यवस्था मिलाईने छ ।

८. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि बुलिङटार आधारभुत अस्पतालमा थप मेडिकल अधिकृत कर्मचारीको करारमा ब्यवस्थापन गरि जनमुखि सेवाको ब्यवस्था मिलाईने छ ।

९. बुलिङटार प्राथमिक स्वास्थ्य केन्द्रलाई १० शैयाको बुलिङटार पालिका अस्पतालको रूपमा बिकास गर्दै सेवा बिस्तार, गुणस्तर अभिवृद्धि गर्न जनशक्ति, उपकरण व्यवस्थापन र भौतिक पूर्वाधार (भवन) निर्माणको लागि प्राथमिकता दिइनेछ ।

१०. भरतपुर आँखा अस्पताल संग समन्वय गरी बुलिङटार आधारभुत अस्पतालमा आँखा उपचार केन्द्र EYE CLINIC संचालन गरिने छ ।

११. स्वास्थ्य संस्थाहरूको निरन्तर अनुगमन, सुपरिवेक्षण र अभिमुखिकरण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१२. स्वास्थ्य संस्थाहरू बाट गुणस्तर स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक सर्जिकल सामानहरु र औजार उपकरण खरिदका लागि बजेटको व्यवस्था गरिनेछ ।

१३. विपन्न वर्गका ब्यक्तिहरुलाई औषधी उपचारमा आर्थिक सहयोग र मुटु, मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका क्यान्सर, मेरुदण्ड पक्षघातका विरामीहरुलाई

नेपाल सरकारको कार्यक्रम मार्फत् आर्थिक सहायताको लागि सहजीकरण तथा समन्वय गरिनेछ ।

१४. सुनौलो हजार दिनका आमा र बच्चाहरुको पोषण व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. गर्भवती र सुत्केरी आमाहरुका लागि क्याल्सियम चक्की खरिद गरि स्वास्थ्य संस्थाहरु निःशुल्क वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१६. गर्भवती तथा सुत्केरीहरुको स्वास्थ्य सेवामा पहूँच पुरेयाउन प्रत्येक स्वास्थ्य संस्थाबाट गर्भवती र प्रसुती सेवा निरन्तरता दिदै ग्रामीण घुम्ती भिडियो ह(चबथ सेवा लाई समेत निरन्तरता दिईनेछ ।

१७. गरिब विपन्न वर्गमा परेका जनताको लागि निःशुल्क उपचार गर्न स्वास्थ्य कोषको स्थापना गरिने छ ।

१८. स्वास्थ्य संस्थाहरुबाट गुणस्तर सेवा प्रवाहका लागि नेपाल सरकारबाट सुचिकृत भएका ९८ प्रकार र अन्य थप औषधीहरु खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१९. स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई यातायात खर्चका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२०. नीजि तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित निदान केन्द्र, औषधी पसल, स्वास्थ्य क्लिनिक लगायतका स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन साथै स्वास्थ सेवाको सुनिश्चितता गरिनेछ ।

२१. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रम (औजार उपकरण खरिद, अभिमुखिकरण, समिक्षा)का लाागि बजेटको व्यवस्था गरेको छु ।

२२. पारिवारिक स्वास्थ्य प्रोफाइल निर्माण गरी वार्षिक रुपमा पारिवारिक स्वास्थ्य विवरण अद्यावधिक गरिनेछ ।

२३. प्रदेश सरकार र स्थानीय सरकार बीच स्वास्थ्य सम्बन्धि नीति, योजना तथा कार्यक्रमको समन्वय, सहकार्य र कार्यान्वयनका अभ्यासहरुलाई सुदृढ बनाउने छु ।

२४. स्वास्थ्य क्षेत्रमा कार्यरत विषयविज्ञ, नीति निर्माता, सेवा प्रदायक र सेवाग्राही बीच अनुभव, ज्ञान तथा असल अभ्यासहरुको आदान प्रदान गर्ने व्यवस्था मिलाउने छु ।

## आयुर्वेद

१ **"नागरिक आरोग्य सेवा केन्द्रको सुदृढीकरण"** अभिप्राय साथ् गाउँपालिकाभित्र सञ्चालित नागरिक आरोग्य सेवा केन्द्रलाई थप प्रभावकारी, आवश्यक जनशक्ति र औषधिहरुको व्यवस्थापन गरि सेवा—सुविधायुक्त र जनमुखी बनाइनेछ।

१. योग, ध्यान तथा प्राणायाम कार्यक्रमलाई समुदाय तथा विद्यालयस्तरमा विस्तार गर्दै नियमित अभ्यासलाई प्रोत्साहन गरिनेछ।

**२. हर घर** भान्सा घरको अस्पताल, खाना औषधि भन्ने तथ्यलाइ हृदयङ्गम गरी भान्सा नै औषधालय कार्यक्रमलाई निरन्तरता दिईनेछ , साथै निरन्तर सिकाइको लागि भान्सा नै औषधालाय सिकाइ केन्द्रको स्थापना तथा संञ्चालन गरिनेछ ।

३. **"स्थानीय जडिबुटी, स्थानीय समृद्धि"** स्थानीय रूपमा पाइने जडिबुटीको पहिचान, संरक्षण, खेती तथा व्यावसायिक उत्पादन र प्रशोधनलाई प्रवर्द्धन गरिनेछ।

**४.** हरेक वडा तथा विद्यालयमा आयुर्वेद, योग र प्राकृतिक जीवनशैली सम्बन्धी **"विद्यालयदेखि समाजसम्म आयुर्वेद "शिक्षा"** सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

५. **"योगमय समाज, तनावमुक्त जीवन" अनुसार** समुदाय, विद्यालय, कार्यालय तथा सार्वजनिक स्थलहरूमा योग अभ्यास केन्द्र विस्तार गरिनेछ।

६. हाम्रो पुर्खा हाम्रो गौरव, हाम्रो धर्ति हाम्रो पौरख भन्ने नारालाइ आत्मसाथ गरी वातावरणमैत्रि तथा जैविक कृषि प्रणालि कार्यक्रम संञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

## पूर्वाधार निर्माण

१. **"सुदृढ पूर्वाधार, समृद्ध बुलिङटारको आधार" हेतुले** पूर्वाधार विकास शाखा पालिकाका सबै वडाको सडक योजनाको स्तरोन्ती योजना छनौट गरिनेछ ।

२. **"बाह्रै महिना सडक, हरेक नागरिकको पहुँच"** पुर्याउन गाउँपालिकाका सबै वडाहरूमा वर्षभरि यातायात सञ्चालन हुने गरी सडक स्तरोन्नति, विस्तार, कालोपत्रे, ढल निकास तथा नियमित मर्मत सम्भार कार्यक्रम सञ्चालन गरिनेछ।

३. बुलिङटार गाउँपालिकाको चिनारी देवचुली डाडामा देवचुली नगरपालिका संगको साझेदारीमा सडक पूर्वाधार विकास गरिनेछ ।

४. उज्यालो वत्ति (Street Light) कार्यक्रमलाई प्राथमिकतामा राखि बजेट बिनियोजन गरिनेछ ।।

५. वडा केन्द्र, बस्ती, कृषि उत्पादन क्षेत्र तथा पर्यटकीय गन्तव्यहरूलाई गुणस्तरीय सडक सञ्जालमार्फत जोड्ने कार्यलाई प्राथमिकता दिइनेछ।

६. गाउँपालिकाका परम्परागत घरहरूलाई संरक्षण गर्दै नयाँ घरहरूका लागि अनुमति दिने स्थानीय सरकारको नीति रहनेछ । नयाँ घरहरू निर्माण गर्दा भवन निर्माण सम्बन्धी नेपाल सरकारको मापदण्ड तथा पुराना घरहरूका लागि अभिलेखिकरण गर्नका लागि पुराना घर अभिलेखिकरणलाई अनिवार्य बनाउदै लगिनेछ ।

७. सार्वजनिक जग्गाको संरक्षण , सम्बर्दन , अनियमित बसोबास भएको जग्गाको पहिचान र नक्सांकन गरि अभिलेखीकरण गरिनेछ ।

८. अगामी आ.व. देखि नयाँ बनाउने घरघनीहरूले अनिवार्य रूपमा नक्शा पास गर्नुपर्ने व्यवस्थालाई अझ कडाइका साब लागु गरिनेछ ।

९. गाउँपालिकाको सबै वडाहरूलाई मध्यनजर गरी सबै वस्तीहरूमा यातायात पुग्ने गरि माग अनुसारको **मोटरेवल तथा झोलुङे पुल निर्माण कार्यलाई अगामी आ.व.मा पनि निरन्तरता दिईनेछ ।**

१०. घर नक्सा पास प्रणालीलाई प्रभावकारी बनाउँदै कोरिडोर तथा सडक मापदण्ड कार्यान्वयन गरी योजनाबद्ध तथा व्यवस्थित बस्ती विकासलाई प्रोत्साहन गरिनेछ।

११. विपद् व्यवस्थापन र उद्दार सामाग्रीको लागि बजेट विनियोजन गरिनेछ ।

१२. होमस्टेका माध्यमबाट स्थानीय परिकार तथा रहनसहन र सस्कृतिको सरक्षण एवम् सम्बर्द्धन गर्न व्यवसायीहरूलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । **होमस्टेहरूमा स्थानीय साँस्कृतिक झल्किने गरी होमस्टेको पूर्वाधार निर्माण गरिनेछ ।**

१३. गाउँपालिकामा डि.पि.आर तयार भएका योजनाहरूको स्रोत व्यवस्थापन तथा सुनिश्चितताको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ । साथै डि.पि.आर. हुन बाँकी योजनाहरूको डि.पि.आर. तयार गरी स्रोत सुनिश्चिततातर्फ लगिनेछ ।

**१४. सुधारिएको चुलो , इन्डक्सन , सोलार , गोवर ग्यास प्लान्ट बनाउन वैकल्पिक उर्जा प्रवद्धन केन्द्रसँग पहल गरि हरेक वडामा वितरण गरिनेछ ।**

१५. "**प्रविधिमैत्री सुरक्षा, सुरक्षित बुलिङटार" भनेर** मुख्य सडक, बजार क्षेत्र, सार्वजनिक स्थल तथा संवेदनशील स्थानहरूमा CCTV क्यामेरा विस्तार तथा निगरानी प्रणाली सुदृढ गरिनेछ।

१६. **गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि गाउँपालिकाको प्रसासकीय भवन निर्माण कार्यलाइ अन्तिम रुप दिइनेछ ।**

१७. "**जलवायु अनुकूल पूर्वाधार, दिगो विकासको आधार**" विपद् तथा जलवायु परिवर्तनका प्रभावलाई मध्यनजर गर्दै वातावरणमैत्री र दिगो पूर्वाधार निर्माणमा जोड दिइनेछ।

## सुशासन तथा संस्थागत विकास

१. गाउँपालिका तथा वडा कार्यालयहरुमा कर्मचारीहरुको उचित व्यवस्थापन गरी सेवा प्रबाहलाइ छिटो छरितो बनाइनेछ ।

२. नतिजामुखी खर्च व्यवस्थापन, आर्थिक कारोवारमा पारदर्शिता, लेखा परिक्षण प्रतिवेदन सुझाव कार्यान्वयन मार्फत आर्थिक अनुशासन कायम गरिनेछ ।

**३. गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रदान गरिने अधिकांश सार्वजनिक सेवाहरु क्रमश विद्युतिय एवं प्रविधिमैत्रि बनाउदै लगिनेछ ।**

४. गाउँपालिकाको अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत विच, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु विच तथा शिक्षा, युवा तथा खेलकुद शाखा **र सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु विच कार्य सम्पादन सम्झौता गरिनेछ ।**

**५. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सामाजिक सुरक्षा तथा संभारको लागि कर्मचारी कल्याण कोष र क्रमश सामाजिक सुरक्षा कोषमा आबद्द गराईनेछ ।**

६. गाउँपालिका भित्र संचालित विभिन्न योजनाहरु/आयोजनाहरु, कार्यक्रमहरु, निर्णयहरु तथा अन्य सूचनाहरु गाउँपलिकाको आधिकारिक वेवसाईड, बुलिङटार बुलेटिन तथा अन्य विद्युतिय माध्यमबाट प्रकाशन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

**७. कर प्रणाली लाई व्यवस्थित बनाउन पालिकाबाट कर तिर्ने व्यवस्था सुरु गरिनेछ ।**

**८. वैदेशिक रोजगारी सँग सम्बधित जनचेतना , श्रम कार्य गर्न सुरक्षित आप्रवासन कायक्रम ( सामी) लाई अझ प्रभावकारी ढंगले परिचालन गरिनेछ ।**

९. कर्मचारीको जिम्मेबारी किटान गरी जवाफदेहीता प्रवर्द्धन गर्न कार्यसम्पादन सूचकको विकास गरी कार्यसम्पादन सम्झौता गरिनेछ । **सो आधारमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ ।**

१०.गाउँपालिका क्षेत्रभित्र रहेका साँस्कृतिक, धार्मिक तथा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसारका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने नीति अवलम्वन गरिनेछ ।

११.नागरिकको नजिकबाट सेवा प्रवाह गर्नका लागि एकीकृत घुम्ती शिविर सञ्चालन गरी अघिकतम सेवाहरु एकै साथ प्रदान गरिनेछ ।

**१२.बेरुजु फछ्यौंटलाई अभियानको रुपमा अगाडि बढाई अत्यन्त न्युन बेरुजु कायम हुने नीति लिइनेछ।**

१३.वडा कार्यालयहरुलाई सेवा प्रवाहको सशक्त प्रवेश विन्दुको रुपमा विकास गरी सेवा प्रवाहलाइ छिटो छरितो रुपमा प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

१४.गाउँपालिका क्षेत्रभित्र रहेका साँस्कृतिक, धार्मिक तथा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसारका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने नीति अवलम्वन गरिनेछ ।

१५. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी सुशासन कायम गर्न क्षमता बिकास योजना तर्जुमा गरी लागु गरिनेछ ।

१६. स्थानीय शासन सञ्चालन तया सार्वजनिक सेवा प्रवाहमा **उत्कृष्ठ स्थानीय तह सँग सिकाई आदान प्रदान गर्नको लागि अन्तर स्थानीय तह अध्ययन अवलोकन तथा क्षमता बिकासका कार्यक्रम संञ्चालन गरिनेछ ।**

**१७. गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक परिवेश झल्किने गरी बृत्तचित्र तयार गरिनेछ ।**

१८. आन्तरिक राजस्व सक्षमता अभिवृद्धि गर्नको लागि **राजस्व परामर्श समितिलाई जिम्मेबार गराई स्थानीय तहको राजस्व अधिकार अन्तर्गत गाउँपालिकाको सम्भावना क्षेत्रलाई पहिचान गरी करको दायरामा ल्याईनेछ ।**

**१९. घटना घटेको ३५ दिन भिव घटना दर्ता गराउन प्रोत्साहन गरिनेछ । यसको लागि सबै समुदाय तथा सार्वजनिक स्थानमा सूचना प्रवाह गरिनेछ ।**

**२०. गाउँपालिका क्षेत्रभित्र रहेका भूमिहिन सुकुम्बासीहरुको व्यवस्थापन गर्नको लागि सँघ तथा प्रदेश सरकार सँग समन्वय सहकार्य गरिनेछ ।**

२१. विद्युतीय पत्राचार, डिजिटल फाइलिङ प्रणाली तथा कार्यालय स्वचालन कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

**२२. बजार अनुगमनलाई थप प्रभावकारी र नियमित बनाई मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने बाताबरण सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ ।**

**२३. प्रदेश तथा संघिय सरकारसँगको समन्वयमा घरेलु मदिरालाई व्यबस्थित गरी रोजगारी सिर्जना सँग आबद्ध गरिनेछ ।**

## <u>आयुर्वेद</u>

१. **"नागरिक आरोग्य सेवा केन्द्रको सुदृढीकरण"** अभिप्राय साथ् गाउँपालिकाभित्र सञ्चालित नागरिक आरोग्य सेवा केन्द्रलाई थप प्रभावकारी, आवश्यक जनशक्ति र औषधिहरुको व्यवस्थापन गरि सेवा—सुविधायुक्त र जनमुखी बनाइनेछ।

२. योग, ध्यान तथा प्राणायाम कार्यक्रमलाई समुदाय तथा विद्यालयस्तरमा विस्तार गर्दै नियमित अभ्यासलाई प्रोत्साहन गरिनेछ।

३. हर घर भान्सा घरको अस्पताल, खाना औषधि भन्ने तथ्यलाइ हृदयङ्गम गरी भान्सा नै औषधालय कार्यक्रमलाई निरन्तरता दिईनेछ , साथै निरन्तर सिकाइको लागि भान्सा नै औषधालाय सिकाइ केन्द्रको स्थापना तथा संञ्चालन गरिनेछ ।

४. **<u>"स्थानीय जडिबुटी, स्थानीय समृद्धि"</u>** स्थानीय रूपमा पाइने जडिबुटीको पहिचान, संरक्षण, खेती तथा व्यावसायिक उत्पादन र प्रशोधनलाई प्रवर्द्धन गरिनेछ ।

५. हरेक वडा तथा विद्यालयमा आयुर्वेद, योग र प्राकृतिक जीवनशैली सम्बन्धी **"विद्यालयदेखि समाजसम्म आयुर्वेद "शिक्षा"** सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

६. **"योगमय समाज, तनावमुक्त जीवन" अनुसार** समुदाय, विद्यालय, कार्यालय तथा सार्वजनिक स्थलहरूमा योग अभ्यास केन्द्र विस्तार गरिनेछ।

७. हाम्रो पुर्खा हाम्रो गौरव, हाम्रो धर्ति हाम्रो पौरख भन्ने नारालाइ आत्मसाथ गरी वातावरणमैत्रि तथा जैविक कृषि प्रणालि कार्यक्रम संञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

## <u>कृषि तथा पशुपक्षी विकास</u>

१. <u>"कृषि समृद्धि, आत्मनिर्भर बुलिङटार"</u>
आधुनिक, व्यावसायिक र उत्पादनमुखी कृषि तथा पशुपालन प्रणाली विकास गर्दै गाउँपालिकालाई खाद्यान्न तथा मासुमा आत्मनिर्भर बनाइने तर्फ अग्रसर गराइने छ ।

२. रासायनिक मल विक्रेता सहकारीहरुको स्तरउन्नति गरि मलको आपुर्ती बढाइने छ

३. कृषकहरूलाई समयमै रासायनिक मलको सहज आपूर्ति सुनिश्चित गर्न वितरण प्रणालीलाई सहकारी मार्फत पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाइनेछ।

४. प्रांगारिक तथा जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहन गरिने छ। यसका गोठ र भकारो सुधार कार्यक्रम अघि बढाइने छ।

५. "<u>**माटो अनुसार खेती, उत्पादनमा वृद्धि"**</u> माटो परीक्षणका आधारमा मल तथा बीउ सिफारिस प्रणाली लागू गर्दै वैज्ञानिक कृषि अभ्यासलाई प्रोत्साहन गरिनेछ।

६. **<u>"धान र मकै — प्रमुख पकेट बाली विस्तार"</u>** चैते धान , धान, मकै लगायत प्रमुख बालीहरूको पकेट क्षेत्र विस्तार गरी उत्पादन वृद्धि तथा बजारमुखी कृषि प्रणाली विकास गरिनेछ।

**७. माटो परीक्षणको आधारमा आवश्यक चुन तथा जिप्सनमा अनुदानको व्यवस्था गरिनेछ। बडा स्तरिय स्थलगत माटो परिक्षण एवं आकस्मिक बाली उपचार शिविर संचालन गरिने छ।**

८. रैथाने वाली अन्तर्गत कोदो, फापर, कागुनो, सामा आदि वालीको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ ।

९. "<u>**कृषिमा यान्त्रिकीकरण, श्रममा सहजता"**</u> कृषि यन्त्र तथा उपकरण (मिनी टिलर, हार्भेस्टर, स्प्रेयर आदि) को प्रयोग विस्तार गर्दै कृषि उत्पादनमा जोड दिईनेछ ।

**१०. तरकारी बालीको पकेट स्थापना गरी बुलिङटारलाई तरकारीमा आत्मनिर्भर बनाउदै लगिनेछ । विउ बिजन, कृषि यान्त्रिकरनमा दिदै आइएको अनुदानको कार्यक्रम सञ्चालन गरिनेछ ।**

**११. विभिन्न वडा ६ , ३ , १ को खसुवा , ढाडवेंशी , अत्रौली क्षेत्रमा ड्रागनफ्रुट , एभोकाडो जस्ता फलफुल जोनको रुपमा विकास गरिनेछ ।**

१२. **<u>"व्यावसायिक पशुपालन, आयआर्जनको आधार"</u>** बाख्रा, कुखुरा, बंगुर, गाई—भैंसी पालनलाई व्यवसायिक रूपमा विकास गर्दै मासु तथा दुग्ध उत्पादन वृद्धि गरिनेछ।

१३. **<u>"पशुपन्छी वितरण कार्यक्रम, आत्मनिर्भरता अभियान"</u>** विपन्न, सीमान्तकृत तथा लक्षित कृषकहरूलाई बाख्रा, कुखुरा, बंगुर तथा पाठा/पाठी वितरण गरी उत्पादनमुखी पशुपालन प्रवर्द्धन गरिनेछ।

१४. विपन्न संग अध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ। यसका लागि सबै वडाबाट निम्न आय भएका विपन्न परिवारको पहिचान गरि कृषि तथा पशु पालनमा **७५ प्रतिशत सम्म अनुदान दिइनेछ ।**

**१५. सुन्तला र अदुवा बालीको हकमा उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ। स्थानीय र प्रदेश सरकारको लागत साझेदारीमा अदुवा वेसार प्रशोधन केन्द्रको स्थापना गरिने छ।**

१६. **<u>"पशु स्वास्थ्य सेवा घरदैलोमा"</u>** नियमित खोप, उपचार तथा भेटेरिनरी सेवा विस्तार गर्दै पशु स्वास्थ्य सुधार गरिनेछ।

१७. **<u>"पशु आहार कार्यक्रम "</u>** गाईभैसी, भेडावाखा, पालनका लागी आवश्यक पर्ने डालेघास तथा भुईघासका विउहरु आवश्यकता अनुसार किसानलाई वितरण गरी घांसे क्षत्र विस्तार गरिनेछ ।

१८. उन्नत जातका पशुपंक्षीहरुको नश्ल सुधार कार्यक्रम गर्नका लागि उन्नत जातका पशुवस्तुहरुको वितरण तथा कृत्रिम गर्भधानका कार्यक्रम गरिनेछ।

**१९. बुलिङटार गाउँपालिका भित्रका पशुपालक कृषकहरुलाई जुका, माटे नाम्ले, ज्वरो, अरुचि आदि सम्बन्धी औषधीहरुको व्यवस्था गरि प्रत्येक वडाबाटै वितरण गरिनेछ ।**

२०. **<u>"जैविक र दिगो कृषि प्रणाली प्रवर्द्धन"</u>** जैविक मल, कम्पोस्ट र प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्दै वातावरणमैत्री कृषि प्रणाली विकास गरिनेछ।

२१. **<u>"कृषि बीमा विस्तार, जोखिम न्यूनीकरण"</u>** कृषि तथा पशु बीमामा कृषकहरूको पहुँच विस्तार गर्दै जोखिम न्यूनीकरण गरिनेछ।

२२. **<u>"एक वडा, एक उत्पादन अभियान"</u>** वडागत सम्भावनाका आधारमा विशेष कृषि तथा पशु उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

**२३. कृषि तथा पशुपंक्षी उत्पादन प्रवद्धनका लागि बुलिडटार कृषि तथा पशुपक्षी प्रदर्शनी मेला आयोजना गरिनेछ ।**

२४. बाँझो जमिनलाई उत्पादनमुखी गरौं फलफुल खेती, तरकारी खेती, कृषि उत्पादन गर्न प्रोत्साहन र पहल गरिनेछ ।

## <u>सिंचाई</u>

१. बुलिङटार पालिका भित्र रहेका खेतीयोग्य बाँझो जमिनहरुको पहिचान बारे उपयुक्त सिंचाईको व्यवस्था गरिने छ।

२. वडा नं. ३ र ६ को खसुवा र घुमाउरीघाट तथा अन्य वडाहरुमा वाटर लिफ्टिङ सिस्टम मार्फत कालिगण्डकीको पानी तानि सिंचाईको व्यवस्था गर्न निर्माणाधीन योजनाको सम्पन्न र नंया योजनाको सम्भाव्यता अध्ययन गरिनेछ ।

३. हाल सञ्चालनमा रहेका नहर, कुल्लो कुलेसोहरुको मर्मत संभार गरि सिंचाईको प्रभावकारिता बढाइने छ।

४. **<u>"हरेक खेतमा पानी, हरेक किसानमा आत्मविश्वास"</u>** कृषियोग्य सबै क्षेत्रमा क्रमशः सिंचाइ सुविधा विस्तार गर्दै वर्षभरि खेती गर्न सकिने वातावरण सिर्जना गरिनेछ।

**५. तरकारी र फलफूल खेतीमा थोपा सिंचाई प्रविधिको विस्तार गरिने छ।**

६. **"साना सिँचाइ, ठूलो परिवर्तन"** साना तथा मझौला सिँचाइ आयोजनाहरू (कुलो, नहर, पोखरी, लिफ्ट सिँचाइ) लाई प्राथमिकताका साथ विस्तार गरिनेछ।

७. **"लिफ्ट सिँचाइ विस्तार, उच्च भूभागमा हरियाली"** उच्च तथा पानी कम उपलब्ध हुने क्षेत्रहरूमा लिफ्ट सिँचाइ प्रणाली विस्तार गरिनेछ।

८. **खेतबारीमा किसानलाई साहारा** : सिँचाईले हराभरा कार्यक्रमअन्तर्गत गाउँपालिकाको **कृषि उत्पादन क्षेत्रमा सिचाई बाँध, सिचाई नहर र सिँचाई कुलो मर्मत तथा सञ्चालन गरिनेछ ।**

९. **सिंचाई बाँच, नहर र वोरिङ्टको सम्भावना नभएको स्थानमा लिफटङ सिँचाईको सम्भाव्यता अध्ययन गरिनेछ ।**

१०. **बुलिङटार सिचाई योजना, भलायटार सिचाई योजना जस्ता ठुला सिँचाई आयोजनाहरूको मर्मत तथा पुनः निर्माणका लागि प्रदेश र संघीय सरकारको सहकार्यमा अगाडि बढाइनेछ ।**

११. **पुराना कुलो, नहर तथा सिँचाइ संरचनाहरूको मर्मत, स्तरोन्नति र आधुनिकीकरण गरिनेछ।**

## पर्यटन विकास तथा संस्कृति

१. **गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि वृत्तचित्र निर्माण तथा फोटो पुस्तक प्रकाशन गरिनेछ ।**

२. बुलिडटार गाउँपालिकामा दरै तथा कुमाल होमस्टे, मगर होमस्टे सञ्चालनका लागि आवश्यक सहयोग गरिनेछ । साथै गाउँपालिकाको अन्य क्षेत्रमा धार्मिक तथा सांस्कृतिक पहिचान सहितको होमस्टे निर्माणका लागि आधारभूत तालिम सञ्चालन गरी दर्ता प्रक्रिया अगाडि वढाइनेछ ।

३. **गाउँपालिका भित्रका सामुदायिक वन क्षेत्रमा पार्क निर्माण कार्य अगाडी बढाइनेछ ।** शान्ति पार्क लगाएत अन्य ठाउँका पार्कहरुको पूर्वाधार निर्माण गरि आन्तरिक पर्यटकलाई आकर्षण गरिनेछ ।

४. **देवचुली डाँडा, वरचुली डाँडा, झेरी खण्डे दरवार, घुमारी क्षेत्र , जौवारीमा रहेको सेनकालिन दरवारको संरक्षण तथा पर्यटकीय पूर्वाधारहरुको निर्माण कार्य अगाडि वढाइनेछ।**

५. देवचुली क्षेत्र र घुमारीघाटलाई व्यवस्थित पर्यटन पूर्वाधार (पैदल मार्ग, दृश्यावलोकन टावर, विश्रामस्थल, सूचना केन्द्र) सहित प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ।

६. **सुन झाँक्री गुफा संरक्षण र पूर्वधार विस्तारको लागि यस वर्षनै ठेक्का लगाएर काम अगाडी बढाईनेछ ।**

७. आन्तरिक तथा वाल्य पर्यटकलाई आकर्षित गर्न गाउँपालिकाभित्र दुला तथा मझौला लगानीका होटल, रिसोर्टहरू तथा व्यवसायहरू सञ्चालनको वातावरण तयार गरिनेछ ।

८. **कौरा नाच, झाम्रे, मारुनी नाच , वालन नाच तथा विभिन्न जातजातिहरुको भेषभुषा, रहनसहन तथा संस्कृतिको संरक्षण गरिनेछ ।**

९. **"कालीगण्डकी धार्मिक पर्यटन केन्द्रको रूपमा विकास"** कालीगण्डकी नदी घाट क्षेत्रलाई धार्मिक, आध्यात्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा विकास गर्दै लगिनेछ ।

१०. गाउँपालिकाले पर्यटन गुरु योजना निर्माण कार्य अगाडि बढाउनेछ ।

११. **"युवा सहभागिता, पर्यटन विकासको शक्ति"** स्थानीय युवाहरूलाई पर्यटन गाइड, होमस्टे व्यवस्थापन तथा आतिथ्य सेवामा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३ विभिन्न पार्क , बाल उद्यानको निर्माण र सम्भाव्यता अध्ययन गरि पूर्वाधार निर्माणमा जोड दिईनेछ ।

## उद्योग तथा व्यवसाय बिकास

१. वुलिङटार गाउँपालिकाभित्र लगानीमैत्री व्यवसाय सञ्चालनको वातावरण तयार गरिनेछ ।

२. स्वानीय खोत र साधन, सीप, प्रविधि र श्रममा आधारित उद्यम प्रवदन गरिनेछ ।

३. स्थानीय स्तरमा साना, घरेलु तथा लघु उद्योग स्थापना र विस्तारका लागि प्रोत्साहन गरिनेछ।

४. परम्परागत प्रविधिलाई संरक्षण गर्दै आधुनिकीकरणमा जोड दिईने छ । परम्परागत सिप र प्रविधिलाई संरक्षण गर्न अनुदान कार्यक्रम सञ्चालन गरिने छ ।

५. कृषि र जडीबुटी प्रशोधन उद्योग सञ्चालनको लागि गाउँपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

६. कृषि तथा पशुजन्य उत्पादनमा आधारित प्रशोधन उद्योगहरू स्थापना गर्न प्रोत्साहन गरिनेछ।

७. साना , घरेलु उद्योग स्थापनाको लागि गाउँपालिकाले सडक , विधुत पूर्वाधारको व्यवस्था गर्नेछ ।

८. **"महिला उद्यमशीलता, आर्थिक सशक्तीकरणको आधार"** महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई लक्षित उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

९. औद्योगिक विकासको लागि उद्योग दर्तादेखि बहिर्गमनसम्म सरलीकरण गर्न स्थानीय औद्योगिक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०. हस्तकला, बाँसजन्य सामग्री, काठजन्य सामग्री, खाद्य प्रशोधन तथा अन्य परम्परागत उद्योगहरूको संरक्षण र विकास गरिनेछ।

११. उद्योग तथा व्यवसाय दर्ता, नवीकरण र अनुमति प्रक्रियालाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ।

१२. उत्पादित वस्तुहरूको गुणस्तरीयता सुनिश्चित गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ ।

**१३. सूचना प्रविधि, डिजिटल सेवा तथा नवीनतम प्रविधिमा आधारित व्यवसाय सञ्चालन गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ।**

**१४. युवाहरुलाई उद्यमशिल बनाउन इलेक्ट्रीसियन , पल्म्बिंग लगायतका तालिम संचालन गरिनेछ ।**

१५. **"स्थानीय वस्तुको प्रयोग गरौ र उत्पादनलाई प्रोत्साहन गराउ"** भन्ने अभियान सँघालन गरि कृषि जन्य वस्तुको प्रसोधन उद्योग स्थापना गर्न कदम चालिने छ ।

## श्रम तथा रोजगार तथा गरिवी निवारण

१. वैदेशिक रोजगार सम्बन्धी परामर्शका निम्ति **सुरक्षित आप्रवासन कार्य्रकम र बैदेशिक रोजगार सहायता कक्षको स्थापना गरिने छ।**

२. युवाहरुलाई सिपमुलक तालिमको व्यवस्था गरि एक घर एक उद्यम कार्यकम अन्तर्गत स्वरोजगारमा लाग्न अभिप्रेरित गरी आवश्यक वातावरण निर्माणमा सहयोग गर्ने तथा रोजगारीको सुनिश्चितता गरिनेछ ।

३. **"बैदेशिक रोजगारबाट फर्केका युवाको अनुभव, स्थानीय विकासमा उपयोग"** वैदेशिक रोजगारबाट फर्केका युवाहरूको सीप, अनुभव र पुँजीलाई उद्यमशीलता तथा उत्पादनमूलक क्षेत्रमा परिचालन गरिनेछ।

४. युवा पुस्ताको सीपलाई रोजगार, रोजगारलाई व्यवसाय र व्यवसायलाई बजारसँग जोड्ने नीति अवलम्बन गरिनेछ ।

**५. गाउँपालिकाभित्र रहेका बेराजेगारहरूको तथ्यांक संकलन तथा अभिलेखिकरण गरी श्रममा आधारित काममा परिचालन गरिनेछ ।**

६. दक्ष तथा युवा जनशक्ति विदेश पलायन हुने कार्यलाई रोवन स्थानीय स्तरमा विभिन्न सिपमुलक उद्यमशिलता तालिम सञ्चालन गरी रोजगारीको सृजना गरिनेछ ।

७. गरिबीको रेखामुनि रहेका परिवारहरूको आयस्तर वृद्धि गर्न उत्पादनमूलक तथा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८. **"विपन्न परिवारको सशक्तीकरण, समृद्धिको आधार"** दलित, जनजाति, महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा कमजोर वर्गलाई आयआर्जनका विशेष कार्यक्रममार्फत सशक्त बनाइनेछ।

९. श्रमिकहरूको समाजिक सुरक्षा, सिप र दक्षताको उचित ज्याला निर्धारण गरी कार्यान्वयनमा ल्याईनेछ।

१०. **वैदेशिक रोजगारिमा जाने व्यक्तीहरुलाई सहजीकरण , श्रम गर्न वैदेशिक रोजगारी सहजीकरण कक्ष स्थापना गरिनेछ ।**

११. **श्रम बैंक स्थापना, श्रमिक व्यवस्थापन"** गाउँपालिकाभित्र उपलब्ध दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिको अभिलेखीकरण गरी स्थानीय श्रम बैंकको अवधारणा कार्यान्वयन गरिनेछ।

**१२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) कार्यक्रमलाई अझ बढी व्यवस्थित र प्रभावकारी नतिजामुखी बनाइनेछ गरिनेछ ।**

## सहकारी क्षेत्र

१. **"सुदृढ सहकारी, समृद्ध अर्थतन्त्रको आधार"** सहकारी संस्थाहरूलाई उत्पादन, उद्यमशीलता, वित्तीय पहुँच तथा स्थानीय आर्थिक विकासको प्रमुख साझेदारका रूपमा विकास गरिनेछ।

२. गाउँपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूको नियमित अनुगमन, निरीक्षण तथा नियमनलाई प्रभावकारी बनाइनेछ।

३. सहकारीसंस्थाको उत्पादनसँग जोडेर उत्पादित वस्तुको बजारीकरण गरिनेछ ।

४. **एक वडा एक सहकारी कार्यकम** अन्तर्गत हरेक कृषि कार्यकमहरु कृषि सम्बन्धी तालिम तथा विउविजन वितरण जस्ता कार्यहरु सहकारी मार्फत गरिने छ।

५. गाउँपालिका क्षेत्रभित्र रहेका सबै सहकारी संस्थाहरूलाई **COPOMIS मा अनिवार्य रूपमा आबद्ध** तथा नियमित अद्यावधिक गर्न प्रोत्साहन र सहजीकरण गरिनेछ।

६. सहकारीहरूको अभिलेख, लेखा प्रणाली तथा प्रतिवेदन व्यवस्थापनलाई **डिजिटल प्रणालीमा आबद्ध गर्न प्रोत्साहन गरिनेछ।**

७. **"बचत मात्र होइन, उत्पादन र उद्यममा लगानी"** सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्र तथा आयआर्जनमूलक गतिविधिमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

८. **एकीकृत तथ्याङ्क, प्रभावकारी अनुगमन"** गाउँपालिकाभित्र सञ्चालित सहकारीहरूको अद्यावधिक तथ्याङ्क व्यवस्थापन गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

९. एक सहकारी एक उत्पादन नीति अवलम्बन गरिनेछ ।

## <u>महिला, बालबालिका, बपाइ तथा जेष्ठ नागरिक</u>

१. **उपाध्यक्षसँग महिला सशक्तीकरण कार्यकमलाई निरन्तरता दिई** पालिका भिवका सम्पूर्ण महिला सञ्जाललाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यकम सञ्चालन गरिनेछ ।

२. महिलाहरूको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणका लागि सीप विकास, उद्यमशीलता तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३. **प्रत्येक वडामा एक जेष्ठ नागरिक तथा बाल उद्यान निर्माणको प्रक्रिया अगाडी बढाईनेछ ।**

४. महिला लक्षित आयआर्जन तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरी आर्थिक आत्मनिर्भरता अभिवृद्धि गरिनेछ।

५. **<u>"बालमैत्री बुलिङटार, बाल अधिकारको सम्मान"</u>** बाल अधिकार संरक्षण, बाल सहभागिता तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

६. बाल पोषण, किशोरी स्वास्थ्य तथा विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

७. ज्येष्ठ नागरिकहरूको नियमित स्वास्थ्य परीक्षण, सम्मान कार्यक्रम तथा अनुभव आदान—प्रदान गर्न **<u>"ज्येष्ठ नागरिक सम्मान कार्यक्रम"</u>** कार्यक्रम सञ्चालन गरिनेछ।

८. लैङ्गिक हिंसा, घरेलु हिंसा तथा विभेदविरुद्ध सचेतना, परामर्श तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

९. गाउँपालिकाभित्र विद्यमान बालविवाह अन्त्यको लागि सचेतना तथा कानुनी शिक्षा कार्यकम संचालन गरिनेछ।

१०. छोरीहरूको शिक्षामा पहुँच, निरन्तरता र उपलब्धि अभिवृद्धिका लागि **<u>"छोरी शिक्षा, समृद्धिको दिशा" छात्रवृति</u>** कार्यक्रम सञ्चालन गरिनेछ।

११. एकल , द्वन्द पिडित महिला, हिंसा प्रभावित महिला तथा विपन्न महिलाहरूका लागि विशेष संरक्षण र जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ।

१२. सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्गता मैत्री बनाउदै लगिनेछ । अपाङग लक्षित कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरू जीवनवृत्तिमा सहयोग गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

१३. **प्रत्येक वडामा एक जेष्ठ नागरिक तथा बाल उद्यान निर्माणको प्रक्रिया अगाडी बढाईनेछ ।**

**१४. सामाजिक सुरक्षा भत्ताका लागि बैंक आउनजान समस्या हुने भएकाले वडास्तरबाटै सामाजिक सुरक्षा भत्ता उपलब्ध हुने गरी बित्तिय संस्थाहरु संग समन्वय गरिनेछ ।**

१५. लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन लगायत सुविधा उपलब्ध गरिनेछ ।

१६. ज्येष्ठ नागरिक दिवा आश्रय स्थलको व्यवस्था गरिनेछ ।

१७. अपाङ्ग तथा आर्थिक रूपले विपन्नलाई विशेष प्राथमिकता दिदैं आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरणका कार्यक्रम संचालन गरिनेछ ।

१८. अपाङ्ग, विपन्न, उत्पीडित, द्वन्दपीडीत र पिछडीएको वर्ग र समुदायको हितमा सामाजिक असमानता हटाउने गरी विशेष कार्यक्रम संचालन गर्न गा.पाले अनुदान र बजेटको संयोजन गरिनेछ ।

१९. सामाजिक असमनता, विभेद र, उत्पीडनलाई न्युनीकरण गर्न सचेतनामूलक तालिम, गोष्ठी र कार्यशाला संचालनमा गाउँपालिकाले संयोजन गरिनेछ ।

२०. **"सफा झोला निर्माण, ढाका कपडा बुनाई, सिलाई कटाई, उनी स्विटर टोपी बनाउने, स्क्रिन प्रिन्टिङ, ब्युटीसियन तालिम, सेनिटरी प्याड बनाउने" जस्ता स्वःआयआर्जनका कार्यक्रम संचालन गरि उत्पादित सामाग्रीको बजारीकरणमा गाउँपालिकाले आवश्यक प्रवन्ध मिलाउने छ।**

२१.

२२. **"स्थानीय सरकार, एकल महिलाको साथ"** भन्ने नाराको कार्यान्वयन गरि एकल महिला , द्वन्द पिडित महिला परिवारकोको संरक्षण साथै सिप विकास एवं स्वरोजगारका कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

२३. छुवाछुत मुक्त घोषणालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सर्वपक्षिय/ सर्वदलीय बृहद सचेतना मुलक कार्यक्रमको व्यवस्था गरिने छ ।

**२४. गाउँपालिकाका हरेक नागरिक हरुलाई राष्ट्रिय परिचय पत्रको पहुँचमा पुर्याइने छ ।**

२५. लोपोन्मुख, सिमान्तकृत, दलित, आदिबासी जनजाति समुदायको बृहत्तर बिकासको लागि सरोकारवालाहरूसँगको सहकार्यमा सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## युवा तथा खेलकुद

१. **"गाउँदेखि प्रदेश र राष्ट्रसम्म, बुलिङटारका खेलाडी"** कार्यक्रम संचालन गरि प्रदेश तथा राष्ट्रिय स्तरका उत्कृष्ट खेलाडी उत्पादन गर्न दीर्घकालीन खेल प्रतिभा विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२. बुलिङटार गाउँ खेलकुद विकास समिति पुनर्गठन गरी युवा तथा खेलकुद विकासको कार्य अगाडि बढाइनेछ ।

**३. हरेक दुई वडामा कम्तिमा एक खेलमैदानको पहिचान गरी त्यसको विकास गरिनेछ र एउटा गाउँपालिका स्तरीय प्याराफिट सहितको खेलमैदान/ रंगशाला निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।**

४. प्रत्येक वडा भित्रको क्लबहरुको पहिचान गरी त्यसलाई चाहिने भौतिक संरचना, श्रोत र साधनको प्रवन्ध गरी क्लवहरु बीच समन्वय गरिनेछ ।

**५. विद्यालय तथा समुदायस्तरमा खेल मैदान, खेल सामग्री तथा खेलकुद संरचनाको विकास गरिनेछ।**

६. **"प्रशिक्षित खेलाडी, उत्कृष्ट नतिजा"** भलिबल, क्रिकेट, एथलेटिक्स लगायतका खेलहरूमा दक्ष प्रशिक्षकमार्फत नियमित प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

**७. प्रदेश तथा राष्ट्रिय स्तरका खेल प्रशिक्षक उत्पादन गर्न प्रशिक्षक विकास कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ ।**

८. **"खेलाडी सम्मान, प्रतिभाको प्रोत्साहन"** प्रदेश, राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी, प्रशिक्षक तथा खेल संस्थाहरूलाई सम्मान र प्रोत्साहन गरिनेछ।

९. प्रत्येक वडामा व्यवसायिक उद्यम गर्ने एक युवालाई पालिकाले सम्मान गर्ने कार्यक्रम सुरुवात गरिनेछ ।

१०. गाउँ युवा स्वयम् सेवक कार्यक्रम सञ्चालन गरी गाउँपालिकाका युवाहरूलाई गाउँ स्वयम् सेवकमा सूचीकृत हुन आह्वान गरिनेछ । यसरी सूचीकृत भएका युवाहरूलाई विपद् उद्दार तथा व्यवस्थापन लगायतका कार्यमा सहभागी गराइनेछ ।

११. युवा क्लब तथा युवा सञ्जालहरूको संस्थागत क्षमता अभिवृद्धि गरी विकास अभियानमा सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

**१२.** श्रमको सम्मान गर्ने संस्कृति विकास **गर्न कृषि, पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्यमी तथा स्वरोजगार युवालाई सम्मान र प्रोत्साहान गरिनेछ ।**

१३. अन्तर विद्यालय, अन्तर क्लव फुटवल, भलिवल, क्रिकेट लगायतका खेल प्रतियोगिता सञ्चालन गरिनेछ ।

१४. विद्यालयहरुमा प्रत्येक साताको शुक्रबार अतिरित क्रियाकलापमा खेलकुदलाई अनिवार्य गरिनेछ।

**१५. पर्यटक आकर्षण गर्ने साहसिक र मनोरञ्जनात्मक खेलकुदलाई प्रवद्धन गरिनेछ ।**

१६. औद्योगिक, कृषि तथा सामाजिक क्षेत्रको विकासका लागि युवाहरुमा व्यवसायिक तालिम संचालन गरिनेछ ।

१७. सबैका लागि खेलकुद, उत्कृष्टका लागि विशेष प्रशिक्षण' नीति अवलम्बन गर्दै खेलकुद क्षेत्रको समग्र विकास गरिनेछ।

## भूमि, भवन निर्माण तथा आवास व्यवस्थापन

१. व्यवस्थित, सर्वसुलभ, दिगो र सुन्दर गाउँको विकास गर्दै बस्न योग्य र हेर्न लायक समृद्ध बुलिङटार बताउने संकल्प *सहित भू-उपभोग योजनामा आधारित व्यवस्थित एवम् योजनाबद्द गाउँपालिका विकास कार्यक्रम गर्ने नीति लिइनेछ ।*

२. गाउँपालिकाभित्र कृषि, आवास, व्यवसायिक तथा सार्वजनिक प्रयोजनका लागि भूमि उपयोग योजना **(Land Use Plan)** लागू गरी व्यवस्थित बसोबास व्यवस्था गरिनेछ।

३. **"कोरिडोर विकास, व्यवस्थित शहरीकरण"** मुख्य सडक तथा सार्वजनिक मार्गमा कोरिडोर मापदण्ड लागू गरी व्यवस्थित, सुरक्षित र योजनाबद्ध बस्ती विकास गरिनेछ।

४. बुलिङटारका १ देखि ६ वडाका सम्म सम्भावित ठाउँहरुमा व्यवस्थित विकासको सम्भाव्यता अध्ययन गरी व्यवस्थित दीगो गाउँ निर्माणको कार्य अगाडि बढाइनेछ ।

५. विपन्न, दलित, एकल महिला, अपाङ्गता भएका तथा भूमिहीन परिवारका लागि सुरक्षित आवास निर्माण तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

**६. गाउँपालिका भू-उपयोग परिषदबाट हुने जगगाको वर्गिकरणलाई प्रभावकारी बनाईनेछ ।**

७. भवन मापदण्ड कार्यन्वयन गरी सुरक्षित र वातावरण मैत्री भवन निर्माणमा जोड दिने राष्ट्रिय निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन गरिनेछ ।

८. स्थानीय भू-उपयोग योजना निर्माण गरी वातावरणमैत्री भवनहरु प्राविधिकको डिजाइन र सुपेरिवेक्षणमा निर्माण गरिनेछ ।

९. भूमिसम्बन्धी सेवा प्रवाहलाई डिजिटल प्रणालीमा आबद्ध गर्दै अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिनेछ।

१०. एकीकृत वस्ती सम्बन्धी जनचेतना अभिवृद्धि गरी जनमत तयार गरिनेछ ।

११.	पहिरो, बाढी तथा अन्य प्राकृतिक जोखिमयुक्त क्षेत्रका बस्तीहरूको पहिचान गरी सुरक्षित वस्ती कार्यक्रम सञ्चालन गरिनेछ।

## सूचना, प्रविधि तथा सञ्चार

१. गाउँपालिकाको वेवसाइटलाई आध्यावधिक राखी महत्वपूर्ण निर्णय, जानकारी र सूचनाहरूलाई वेवसाइटमा राख्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।

**२. गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सैवा सुविधाहरूलाई क्रमशः सफटवेयर प्रणाली तथा बिद्युतीय माध्यमबाट संचालन गर्दै लगिनेछ ।**

**३. गाउँपालिका प्रवेश नाकाहरू तथा मुख्य वोझापोखरी, तरडखोला, खजुरी /घुमारी र कुटिया क्षेत्रमा डिजिटल वोड तथा होर्डिङ बोर्ड राखिनेछ ।**

४. **ईन्टरनेट पहुँच विस्तार, डिजिटल समावेशीकरण"** हरेक वडा, विद्यालय तथा सार्वजनिक कार्यालयमा इन्टरनेट पहुँच विस्तार गरी डिजिटल विभाजन (Digital Divide) न्यूनीकरण गरिनेछ।

५. बडा कार्यालयलाई प्रविधिमैत्री वनाउतको लागि सबै वडा कार्यालयहरू, स्वास्थ्य कार्यालयहरूमा विद्युतीय हाजिरी जडान गरी Software को माध्यमबाट गाउँपालिकाबाटै अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

६. ई—डकुमेन्ट, ई—हाजिरी, डिजिटल अभिलेख तथा अनलाइन सेवा प्रणाली लागू गरी कागजरहित प्रशासन (**Paperless Office)** प्रवर्द्धन गरिनेछ।

७. गाउँपालिकाबाट प्रवाह हुने सूचना, सबै प्रकारका सेवा, त्यस्तो सेवा प्रदान गर्दा लाग्नै सेवा शुल्क, सेवा प्रदान गर्नै जिम्मेवार शाखा एवं पदाधिकारी र सेवा लितका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको जानकारीलाई प्रविधिमैत्री सहित डिजिटल डिस्ले वोर्ड जडान गरिनेछ ।

८. **"प्रविधिमैत्री प्रशासन, दक्ष जनशक्ति विकास"** कर्मचारी तथा जनप्रतिनिधिहरूको ICT क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९. **"साइबर सुरक्षा सचेतना, सुरक्षित डिजिटल समाज"** साइबर सुरक्षा, डेटा सुरक्षा तथा सुरक्षित इन्टरनेट प्रयोग सम्बन्धी डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१०.	**सार्वजनिक स्थान, सडक तथा महत्वपूर्ण संरचनामा CCTV तथा डिजिटल निगरानी प्रणाली विस्तार गरिनेछ।**

११.	मोवाईल, टेलिफोन र इन्टरनेट नेटवर्कमा सुधार गर्न सेवा प्रदायकसँग समन्वय गरी गुणस्तर विकास गरिनेछ **।नेपाल टेलिकमको फाईबर लाईन जडानलाई प्राथमिकता दिईनेछ ।**

१२.	गाउँपालिकाले आफना गतिविधिहरूलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रूपमा प्राप्त तथा सार्वजनिक गर्ने गरी website का साथै सामाजिक सञ्चालहरूमार्फत् सूचनाको प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

१३.	हरेक सरकारी कार्यालयहरुमा र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ । **सबै भेगमा मोवाइल डाटाको गुणस्तर बृद्धिका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ ।**

१४.	सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

**१५.** गाउँपालिका कार्यालय, सम्पूर्ण वडा कार्यालय, सामुदायिक श्रोत पुस्तकालय, बजार क्षेत्र तथा महत्वपुर्ण पर्यटकीय क्षेत्रहरुमा फ्रि वाईफाई चौतारी निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ ।

## उर्जा तथा विद्युतीकरण

**१. गाउँपालिकाभित्र राष्ट्रिय प्रशारण लाइन नपुगेका स्थानमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा सत प्रतिशत रास्ट्रिय लाईन पहुँच  कार्य अगाडि बढाइनेछ ।**

**२. वैकल्पिक उर्जा प्रविधि अन्तर्गत सोलार पम्पिङको प्रयोग गरी सिचाईको सुविधा व्यवस्था गरिनेछ।**

३. सामुदायिक विद्युतीकरणमा सहभागी भएका विभिन्न वितरण लाईन सुधार लगाएतका समस्या समाधान गर्न पहल गरिनेछ ।

**६.उज्यालो गाउँ अभियान अन्तर्गत सबै वडामा विद्युतीकरणका लागि पहल गरिनेछ ।**

**७.इन्डक्सन चुलो प्रयोगलाई प्रोत्साहन गर्न अनुदानमा सुधरिको चुलो , इन्डक्सन चुलो वितरण गर्नेछ ।**

७.पालिकाका सबै घरधुरी लगायत सार्वजनिक क्षेत्र, उद्योग व्यवसाय सञ्चालनमा समेत १२ महिना गुणस्तरीय विद्युत सेवा उपलव्ध भएको हुनेछ ।

**८.विद्युत तथा वैकल्पिक उर्जालाई गाउँपालिकाको कृषि, औद्योगिक उत्पादन तथा रोजगारीसँग जोड्दै लगिनेछ ।**

९.नवीकरणीय उर्जाको प्रयोग मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री वनाई रोजगारी सिर्जना गरिनेछ । विद्युत सेवालाई दीगो र भरपर्दो बनाई उर्जा सुरक्षामा योगदान पुयाउनु ।

१०.गाउँपालिका केन्द्र लगायतको स्थान र अन्य कोरिडोर र वडाहरुमा street light को लागि पहल गरिनेछ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

१. प्राकृतिक तथा मानवीय कारणले हुनसक्ने विपद् जोखिमको नक्साङ्कन तथा विपद् प्रतिकार्य योजना र स्थानीय जलवायु अनुकुलन नीति तथा योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. विपद्को अवस्थामा तत्काल उद्धार लागि Rapid Response Team निर्माण गरी आवश्यक सामाग्रीहरू सहित विपद् व्यवस्थापन तालिम प्रदान गरिनेछ । युवा स्वयम् सेवकलाई विपद् उद्धार कार्यमा परिचालन गरिनेछ ।

३. विपत्तिबाट तुरुन्त राहत कार्य गर्न गाउँपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाईटी, युवा स्वयम् सेवक लगायतसँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना बनाइनेछ ।

**४. सामुदायिक वन क्षेत्रमा फलफूलको वृक्षारोपण गरी बादर लगायत वन्यजन्तु वस्ती तर्फ नआउने वातावरण तयार गर्न समन्वय गरिने छ।**

५. गाउँपालिका भित्र सञ्चालित ठुला आयोजनाहरूको निर्माणमा वातावरणीय प्रभाव मुल्यांकनलाई  अनिवार्य अवलम्बन गरिनेछ ।

६. हरित गाउँ पवर्ढन गरी वातावरणीय प्रदुषण न्यूनीकरण गर्न एवम् सडक सुरक्षा समेतको कार्यको लागि सडकको दायाँवायाँ वृक्षरोपण गर्ने व्यवस्था मिलाइनेछ ।

७. नवीकरणीय उर्जा (बायोग्यास, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) जस्ता कार्यक्रम प्रवर्दन गरिनेछ।

८. वृक्षारोपण अभियानलाई व्यापक बनाउँदै सार्वजनिक स्थल, विद्यालय, सडक किनारा तथा खाली जग्गामा हरियाली विस्तार गरिनेछ।

९. गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक, ऐलानी र पर्ती जग्गा पहिचान गरी संरक्षण र वृक्षारोपण गरिनेछ

१०. सामुदायिक, निजी तथा साझेदारी वनलाई दीर्घकालिन रूपमा आयआर्जन हुन सक्ने जडीबुटी, काठ, दाउरा, घाँसका लागि बहुमुल्य बोट विरुवाहरूको वृक्षारोपण गर्न प्रेरित गरिनेछ ।

११. खानेपानी , सरसफाई तथा फोहोरमैला व्यवस्थापन खानेपानी पहुँच नभएका स्थानमा खानेपानी आयोजना स्थापना गर्दै सबै गाउँपालिकाबासीलाई शुद्द पिउने पानीको सेवाका लागि एक घर एक धारा नीति अवलम्वन गरिनेछ ।

१२. आवश्यक स्थानको पहिचान गरी सावर्जनक शौचालयहरू निमाण गरी खुला दिसा-पिसाव मुक्त क्षेत्र कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१३. स्थानीय समुदाय, युवा क्लब, आमा समूह तथा स्वयंसेवकहरूलाई विपद् प्रतिकार्यमा सक्रिय बनाइनेछ।

## सार्वजनिक नीजि साझेदारी तथा गैरसरकारी सस्था

१. गैर सरकारी संस्थाहरूले कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकासंग समन्वय गरी गाउँपालिकाले तोकेको क्षेत्रमा गर्नुपर्नेछ साथै कार्यक्रमको वार्धिक प्रगति विवरण गाउँपालिकामा पेस गर्नुपर्नेछ । यसरी पेस भएको कार्यक्रम गाउँपालिकाको बुलेटिनमा प्रकाशन गरिनेछ ।

२. जनचेतना, तालिम, अभिमुखिकरण, सशक्तिकरण जस्ता कार्यक्रमहरूमा गाउँपालिकामा सूचिकृत सामाजिक तथा गैरसरकारी संघसंस्थासँग सहकार्य तथा साझेदारी गरिनेछ ।

३. गाउँ क्षेत्रमा कार्यगर्ने संघसंस्थाहरूले पेश गरेको प्रतिवेदन र प्राप्त उपलब्धीको आधारमा महत्वपूर्ण योगदान पुग्याउने संघसंस्थाहरूलाई सम्मान गरिनेछ ।

## मेलमिलाप तथा न्यायिक समिति

१.स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो, छरितो र थप प्रभावकारी बनाइनेछ ।

२.अन्तरपालिका अनुभव आदानपदान कार्यक्रम सञ्चालन गरिनेछ ।

३.न्यायीक समिति र जिल्ला अदालत बीच नियमति अन्तर्क्रिया र सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

४.सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना गरी **वडा स्तरमा नै मेलमिलाप गर्ने कार्यलाई** प्रभावकारी बनाइनेछ ।

**५.स्थानीय तहमा आउने विवाद र मानव अधिकारको विषयमा न्यायिक समिति सदस्य र मेलमिलापकर्ताहरुलाई अभिमुखिकरण गरिने छ ।**

६.जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि गर्दै अनुकूलन र न्यूनीकरणका उपायहरू अवलम्बन गर्न स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूको क्षमता विकास गरिनेछ ।

७.जलवायू परिवर्तन तथ्यांकहरु संकलन गरी जलवायू परिवर्तन सम्बन्धी सूचनामूलक र सचेतनामूलक संचालन गरिनेछ ।

८.जलवायु परिवर्तनद्वारा उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य गरिनेछ।

**९.करिब ८० प्रतिशत मगर समुदाय भएको यस बुलिङटार गाउँपालिकामा मगर भाषाको संरक्षण तथा संवर्द्धन गर्ने प्रवाह हुने उदेश्यका मगर भाषालाइ कार्यालयको कामकाजको भाषामा सहजीकरण गर्न हेल्प डेस्कको व्यवस्था गरिनेछ ।**

१०.स्थानीय मगर संस्कृतिलाई जीवन्त राख परम्परागत गित नाच र बाजाको संरक्षण गरिने कार्यक्रम ल्याइने छ ।

११.मगर समुदायको कौरा, झ्याउरे, ब्राहाण क्षत्रीको वालन, भजन, चुड्का तथा विविध परम्परागत गित , नाँचको प्रवर्धन गर्न सांस्कृतिक महोत्सव गर्ने कार्यक्रम ल्याईने छ ।

## स्थानीय सेवा शुल्क

१.ढुंगा गिट्टी वालुवा जस्ता नदिजन्य पदार्थको उत्खनन र वेचविखन प्रचलित कानून बमोजिम राजस्व संकलन गर्दै राजश्वलाई प्रभावकारी रुपमा परिचालन गरिने छ ।

अब म चालु आ.ब. २०८२/८३ को यथार्थ तथा संशोधित हालसम्मको  आय व्यय विवरण पेश गर्दछु ।

| क्र. सं. | स्रोतको किसिम | आ.व २०८२/८३ | | | | |
|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | प्रदेश सरकार | जम्मा | खर्च | प्रतिशत |
| १ | समानीकरण अनुदान | ८,६२,००,००० | १,०३,९८,०००.०० | ९,६५,९८,००० | ३,१६,१२,५९४ | |
| २ | ससर्त अनुदान | २२,९७,६०,००० | - | २२,९७,६०,००० | १४,८६,३६,६७९ | |
| ३ | स.म.पुरक अनुदान | ९५,००,००० | ६०,००,०००.०० | १,५५,००,००० | ०० | |
| ४ | विशेष अनुदान | १,९३,००,००० | ३९,९७,००० | ६०,००,००० | ०० | |
| ५ | राजस्व बाँडफाँट(एकमुस्ट ) | ९,३७,१३,८४५ | | ९,३७,१३,८४५ | ४,७०,९५,६३८ | |
| ६ | रोयल्टी | - | - | - | - | |
| ७ | सवारी कर | - | - | - | - | |
| ८ | घर जग्गा रजिष्ट्रेशन शुल्क | - | - | - | - | |
| ९ | आन्तरिक स्रोत | ४,६६,५०,०००(अ.ल्या सहित) | | ४,६६,५०,००० | २,१३,८८,४२९ | |
| १० | अन्य | | | ५१,९०,५८,८४५ | २६,१८,४२,२५० | |
| जम्मा | | | | जम्मा खर्च प्रतिशत | | ५०.४४ |

क्षेत्रगत खर्च :

| | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालुगत : | ३५,६७,८५,८४५ | २१,७१,३५,९६६ | ६०.८५ % |
| पुंजीगत | १६,२२,७३,००० | ४,४७,०६,२८४ | २७.५५ % |

- **हाम्रो सबै वडाहरुमा योजनाहरु निर्माण र फर्छ्यौटको अन्तिम तयारीमा रहेकाले पुँजीगत खर्च बढ्ने र समग्र खर्च ८० प्रतिशत पुग्ने अनुमान गरिएको छ ।**

सभाका सदस्यहरु,

यस सम्मानित गाउँ सभा समक्ष पेश गरिएका योजना, नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा विशेष जोड दिदै **<u>"बस्न योग्य ,हेर्नलायक समृद्ध बुलिङटार"</u>** निर्माण गर्ने महान अभियानमा सम्वद्ध सबै पक्षले आ—आफ्नो स्थानबाट उल्लेखनीय भूमिका निर्वाह गर्नु नै हुनेछ भन्ने मैले पूर्ण विश्वास लिएको छु ।

अन्त्यमा, गाउँपालिकावासीको चाहना वमोजिम विकास कार्य अगाडि बढाउन आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले मद्दत गर्ने विश्वास लिदै गाउँपालिकाको विकासमा योगदान गर्ने नेपाल सरकार, प्रदेश सरकार, गाउँसभाका सदस्यहरु, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी संघ संस्था, विकास साझेदार, सञ्चार जगत, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी, उद्योगी व्यवसायी, किसान, श्रमिक वर्ग, युवा क्लव, आमा समूह, बाबा समूह एवं देश विदेशमा रहनुहुने सम्पूर्ण गाउँपालिकावासी प्रति हार्दिक आभार प्रकट गर्दै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा यहाँहरु सवैको सदा साथ र सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।।।

ई.दिपेन्द्र सुनारी
सभाध्यक्ष
बुलिङटार गाउँपालिका